भक्तपुर जिल्ला अदालत

भक्तपुर

मिति २०७८।४।७ मा प्रकाशित सूचना

सूचना।　　　　　　　　　सूचना।।　　　　　　　　　सूचना।।।

कोरोना भाइरस (कोभिड- १९) को नयाँ भेरियन्ट विश्वव्यापिरुपमा फैलिइरहेको र नेपालमा पनि त्यसको संक्रमण तीव्रगतिमा बढिरहेको सन्दर्भमा त्यसको रोकथाम तथा नियन्त्रणका लागि स्थानिय प्रशासनबाट मिति २०७८।१।१६ मा निषेधाज्ञाको आदेश जारी भई यस अदालतबाट सम्पादन हुने केही सेवा बाहेक अन्य सेवाप्रवाहलाई संकुचन गरिएको विदितै छ। काठमाण्डौं उपत्यकामा सार्वजनिक सवारीका साधन संचालन भइसकेको परिप्रेक्ष्यमा मिति २०७८।४।१ देखि यस अदालतबाट प्रवाह हुने सम्पूर्ण सेवा सुचारु हुने र काठमाण्डौं उपत्यका भित्रका सेवाग्राहीको हकमा निषेध आदेशको समयावधिको हदम्याद, म्याद र तारेख थाम्ने थमाउने सम्बन्धमा मिति २०७८।४।१ देखि लागू हुने गरी बाटाका म्याद बाहेक ३० (तीस) दिन भित्र यस अदालतमा उपस्थित भइसक्नुपर्ने भनि यस अदालतको मिति २०७८।३।३० को निर्णयानुसार मिति २०७८।४।१ मा सूचना प्रकाशित भएको र अन्तर जिल्ला यातायात संचालन भइनसकेको कारण काठमाण्डौं उपत्यका बाहिरका सेवाग्राहीहरुको हकमा निषेध आदेशको समयावधिको हदम्याद, म्याद र तारेख थाम्ने थमाउने सम्बन्धमा पछि सूचना प्रकाशित गरिने छ भनि उक्त सूचनामा उल्लेख भएको हुँदा सरोकारवालाहरुसंगको छलफल र परामर्शबाट सहमति भए बमोजिम यस अदालतको मिति २०७८।४।७ को निर्णयानुसार काठमाण्डौं उपत्यका बाहिरका सेवाग्राहीको हकमा निषेध आदेशको समयावधिको हदम्याद, म्याद र तारेख थाम्ने थमाउने सम्बन्धमा देहाय बमोजिमको निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

<u>तपसिल</u>

१. सम्मानीत सर्वोच्च अदालतको मिति २०७८।४।१ को प्रेस विज्ञप्तिको प्रकरण (क) मा सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत, अन्य अदालत र न्यायाधिकरणहरुमा मिति २०७८।१।१५ देखि ०७८।४।१४ सम्मको अवधिको हदम्याद, म्याद र तारेख थाम्ने थमाउने सम्बन्धमा वृहत पूर्ण इजलासको मिति २०७७।२।१५ को आदेश बमोजिमको

भक्तपुर जिल्ला अदालत
भक्तपुर

सुविधा मिति २०७८।४।१५ देखि लागू हुने गरी उपलब्ध हुने भनि उल्लेख भएको हुँदा यस अदालतमा हदम्याद, म्याद र तारेखमा उपस्थित हुनु पर्ने काठमाण्डौं उपत्यका बाहिरका सेवाग्राहीको हकमा निषेध आदेशको समयावधिको हदम्याद, म्याद र तारेख थाम्ने थमाउने सम्बन्धमा मिति २०७८।४।१५ देखि लागू हुने गरी बाटाका म्याद बाहेक ३० (तीस) दिन भित्र अदालतमा उपस्थित हुनु पर्ने।

२. कामकारवाही तथा सेवा प्रवाह स्थगन भएका अवधिका मुद्दा तथा रिट निवेदनहरुमा रहेका हदम्याद, म्याद, तारेख नगुज्रिने ।

३. स्वीकृत स्वास्थ्य सुरक्षाका मापदण्डहरु सबैले अनिवार्य रुपमा पालना गरेको हुनुपर्ने।

४. जोखिमको अवस्था र परिस्थितिको मूल्याङ्कन गरी जिल्ला सरकारी वकिल कार्यालय, भक्तपुर जिल्ला बार एशोसियसन लगायतका सरोकारवालाहरु संग छलफल गरी सेवा प्रवाहमा विस्तार/संकुचन तथा दर्ता र सुनुवाई विधिमा पुनरावलोकन गर्दै जाने ।

सेरेस्तेदार